उमाकुण्ड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्रिति, रामेछाप

बागमती प्रदेश, नेपाल

पत्र संख्याः ०८२/०८३
चलानी नंः ०३

उमाकुण्ड गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय प्रिती, रामेछाप बागमती प्रदेश, नेपाल

## मौजुदा सूचीमा सूचीकृत र सूची अद्यावधिक गर्ने सम्वन्धी सूचना ।

सूचना प्रकाशन भएको मितिः– २०८२/०४/०१

ने.स. ११४५ दिल्लागा ०७, बिहिबार

यस गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कुनै एक वा एक भन्दा बढि विषयमा वस्तु तथा सेवा उपलव्ध गराउन ईच्छुक योग्यता पुगेका व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैरसरकारी संस्था, सञ्चार गृह वा सेवा प्रदायकबाट २०८२ साल श्रावण मसान्त सम्म तपशिल बमोजिमको कागजात संलग्न राखि सार्वजनिक खरिद ऐन २०६३ को दफा ६(क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ बमोजिम मौजुदा सूचीमा सूचीकृत हुन यो सूचना प्रकाशित गरिएको छ। तोकिएका योग्यता पुगेका ईच्छुक व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैरसरकारी संस्था, सञ्चार गृह वा सेवा प्रदायकले सूचीकृत हुन चाहेको विषय क्षेत्र समेत खुलाई आवेदन दिनुहोला । साथै विगत वर्षहरूमा सूचीकृत भईसकेका व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैरसरकारी संस्था, सञ्चार गृह वा सेवा प्रदायकले समेत सूची अद्यावधिक गर्नुहुन यसै सूचना मार्फत अनुरोध गरिन्छ ।

तपशिल

१. सूचीकृत हुन चाहेको विषय क्षेत्र प्रष्ट खुल्ने आधिकारिक ढाँचाको निवेदन(गाउँपालिकाको वेवसाइटमा उपलव्ध छ)
२. व्यवसाय दर्ता र व्यवसाय ईजाजत पत्रको प्रतिलिपि
३. स्थायी लेखा नम्वर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्रको प्रतिलिपि
४. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
५. सूचिकृत गर्न र सूची अद्यावधिक गर्नको लागि लाग्ने दस्तुर रू ५०० गाउँपालिकाको लक्ष्मी सनराइज बैंक प्रिति शाखामा रहेको आन्तरिक राजश्व खाता(०१६०५६८५७७७०३००६) मा जम्मा गरेको सक्कल भौचर वा नगदी रसिद ।

.............................

अभिजीत सुनुवार

प्रमुख प्रशासकीय अधिकृत

अभिजीत सुनुवार
प्रमुख प्रशासकीय अधिकृत



Email:-ito.umakundamun@gmail.com, web:-www.umakundamun.gov.np,